नीति पत्र (Policy Paper)
अङ्क ४ असोज २०६७

मार्टिन चौतारी
www.martinchautari.org.np

# संविधानसभामा उपस्थिति र सहभागिता

## सुझावहरू

१. राजनीतिक दलका नेतृत्व तह र सभासदहरूले संविधानसभामा अनुपस्थित हुने प्रवृत्तिलाई तोड्ने राजनीतिक प्रतिबद्धता व्यक्त गर्नु पर्दछ ।
२. सभासदहरूको पहिलो प्राथमिकता संविधानसभामा उपस्थिति/सहभागिता हुनु पर्छ ।
३. अत्यन्त जरुरी पर्दाबाहेक संविधानसभाका सबै बैठकमा सभासदहरूको अनिवार्य उपस्थितिको प्रावधान राखिनु पर्छ । र, कडाइका साथ लागू गरिनु पर्दछ । सभासदले बिदा माग्दा उल्लेख गर्ने "अति जरुरी कारणहरू" सार्वजनिक अभिलेखको रूपमा राख्नु पर्छ ।
४. सभासदहरूको हाजिरी रिकर्ड सार्वजनिक अभिलेखको रूपमा राख्नु पर्छ ।
५. संविधानसभाअन्तर्गत गठन गरिने भनिएको आचरण अनुगमन समिति तुरुन्त गठन गरिनु पर्छ । समितिले अनुपस्थितिसम्बन्धी र संविधानसभाका अन्य नियमावलीहरू उल्लंघन भए–नभएको अनुसन्धान गर्नु पर्छ । नियम उल्लंघन गर्नेलाई जरिवानादेखि बर्खास्तीसम्मका सजाय तोक्ने र तिनको कडा कार्यान्वयनसमेत हुनु पर्छ ।
६. आचरण अनुगमन समितिका सबै बैठकहरूको अभिलेख राखिनु पर्छ, र ती बैठकमा हुने छलफल, निर्णय सार्वजनिक अभिलेखका रूपमा उपलब्ध हुनु पर्छ ।
७. संविधानसभाको पूर्ण बैठकमा बोल्ने समयावधिलाई राजनीतिक दलहरूबीच थप समतामूलक वितरणका लागि संविधानसभाको नियमावलीमा संशोधन गर्नु आवश्यक छ ।
८. संविधानसभाको पूर्ण बैठकमा बोल्ने समयको न्यायोचित वितरण गर्दै समावेशी बनाउन राजनीतिक दलहरूले दृढ प्रतिबद्धता व्यक्त गर्नु आवश्यक छ ।

## परिचय

अन्तरिम संविधान, २०६३ ले तोकेको संविधानसभाको दुई वर्षे आयु  २८ मे २०१० मा समाप्त हुँदै गर्दा सोही दिन मध्यरातमा संसदले संविधानसभाको पदावधि अरू एक वर्ष थप्न अत्यधिक मतले स्वीकृति जनायो । तर, त्यसयता तीन महिना बितिसक्ता पनि संविधानसभा निष्क्रिय छ । संविधानसभाको म्याद थप्ने-नथप्नेबारे ठूलो विवाद थियो । लामो छलफलपछि अन्ततः तीन ठूला दल–एकीकृत नेपाल कम्युनिष्ट पार्टी-माओवादी (एनेकपा-माओवादी), नेपाली काँग्रेस (नेकाँ) र नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले)–बीच तीन बुँदे सहमति भयो; म्याद थपियो । सहमतिका तीनमध्ये एउटा बुँदा प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिने भन्ने थियो । सुरुमा सहमति कार्यान्वयन गर्नेबारे विवाद भएकाले प्रगति हुन सकेको थिएन, तर प्रधानमन्त्री नेपालले ३० जुन २०१० मा अकस्मात पदबाट राजीनामा दिए । नयाँ प्रधानमन्त्रीको चयन अद्यापि हुन सकेको छैन र लामो राजनीतिक गतिरोध जारी छ । यसबीच, संविधानसभाको कार्यतालिकामा १८ जुलाई २०१० मा भएको ११ औँ संशोधनले संविधानसभा सक्रिय होला जस्तो देखिएको थियो ।[१] तर, वर्तमान राजनीतिक गतिरोधले प्रस्ट्याएझैँ, विश्वासको वातावरण निर्माणमा पटक्कै ध्यान दिइएको छैन र द्वन्द्वात्मक राजनीतिक वातावरण जारी छ । यसले गर्दा संविधानसभाका विभिन्न ११ समितिले तयार गरेका मस्यौदा अवधारणापत्रमा अन्तर्निहित विवादित मुद्दाहरूमा दलहरूले कसरी मतैक्य निर्माण गर्छन् भन्ने प्रस्ट छैन ।[२]

एकातर्फ संविधान निर्माणमा कुनै प्रगति देखिँदैन भने अर्कोतर्फ मुलुकसामु देखिएका शासनका विकराल समस्या--बढ्दो अशान्ति र असुरक्षा, भ्रष्टाचार एवं आधारभूत सामग्री र सेवाको अभाव--प्रति राजनीतिक दलका नेतृत्व निस्पृह छ, जसले गर्दा जवाफदेहिताको मुद्दा प्रबल रूपमा उठेको छ । संविधानसभाको सफल निर्वाचन र नयाँ राजनीतिक सुरुआतका कुराले नागरिकहरूमा जुन उत्साह, उमंग सृजना गरेको थियो सो बदलिएर अहिले राजनीतिप्रति वितृष्णा र नकारात्मकता देखिएको छ । राजनीतिक भ्रष्टाचार र अप्रभावकारी शासनव्यवस्थाले प्रतिनिधिमूलक लोकतन्त्रको अभीष्ट नै पराजित गर्छ भन्ने तथ्य २०४६ सालपछिको कालखण्डको हाम्रो राजनीतिक अभ्यासले पुष्टि गरिसकेको छ । अन्य देशका उदाहरणले पनि के देखाएका छन् भने, निर्वाचनलाई लोकतान्त्रिक जवाफदेहिताको एकमात्र स्रोतको रूपमा लिँदा नागरिकहरूको भूमिका उपलब्ध केही प्रतिनिधिहरू छान्नेमा सीमित हुन्छ । र, यसले जनप्रतिनिधिहरूलाई आफ्नो पद या सोबापत प्राप्त कार्यालयलाई निजी सम्पत्तिसरह व्यवहार गर्न उक्साउनुका साथै आफूलाई सो पदको अस्थायी पहेरदारका रूपमा नभै स्थायी हकदार जस्तो व्यवहार गर्ने बनाउँछ ।[३]

नेपालको इतिहासकै सबैभन्दा प्रतिनिधिमूलक निर्वाचित निकाय भनेर संविधानसभाबारे धेरै प्रचारबाजी गरिए पनि त्यहाँ प्रतिनिधित्व गर्नेहरूले सो ऐतिहासिक संस्थामा निर्वाह गरेका भूमिकाबारे भने खासै चर्चा भएको छैन । अन्य लोकतान्त्रिक मुलुकहरूको अभ्यास[४] विपरीत र विगतको नेपाली संसदकै निरन्तरता जस्तो वर्तमान संविधानसभाको आन्तरिक सञ्चालन प्रक्रिया अपारदर्शी छ ।[५] यसको मतलब, मतदाताहरू–नेपाली नागरिकहरू–आफूले चुनेर पठाएका प्रतिनिधिहरूलाई तिनले कुनै कानुन निर्माणक्रममा या समग्र प्रक्रियामा निर्वाह गरेका भूमिकाबारे उत्तरदायी बनाउन आवश्यक पर्ने सूचनामा पहुँच राख्दैनन् । प्रक्रियामा केन्द्रित हुनु महत्त्वपूर्ण किन पनि छ भने यसले जनप्रतिनिधिहरूले

---

[१] The Kathmandu Post. 2010. CA okays new calendar of events. 19 July, p. 3.

[२] थप जानकारीका लागि मार्टिन चौतारीका नीति पत्रहरूः नीतिपत्र १, संविधान निर्माण प्रक्रिया, (जेठ २०६६), नीतिपत्र २, सुस्त गतिमा संविधान लेखन प्रक्रिया (कार्तिक २०६६) र नीतिपत्र ३, संवैधानिक जटिलता र संक्रमणकालीन योजना (वैशाख २०६७) हेर्नुहोस् । तीनओटै नीतिपत्र मार्टिन चौतारीको वेबसाइट www.martinchautari.org.np मा उपलब्ध छन् ।

[३] Guinier, Lani. 2008. Beyond electocracy: Rethinking the political representative as powerful stranger. *Modern Law Review* 71(1): 1-35.

[४] युरोपेली संसदका सदस्यहरूको उपस्थितिको अभिलेख राम्ररी राखिएको छ र त्यस्तो अभिलेख इन्टरनेटमा सहजै उपलब्ध छ । त्यस्तै, संयुक्त राज्य अमेरिकाका व्यवस्थापिकाका जनप्रतिनिधिहरूको प्रत्येक गतिविधिको अभिलेख राखिन्छ, र ती सार्वजनिक बहस र टिप्पणीका मुद्दा बन्छन् ।

[५] मार्टिन चौतारीले सभासदहरूको उपस्थितिसम्बन्धी अभिलेखमा पहुँच माग्दा दिन आनाकानी गरियो र 'सूचनाको हक' उल्लेख गर्दै निवेदन दर्ता गरेपछि मात्र पहुँच पाइयो, त्यो पनि नियन्त्रित रूपमा । यसले पारदर्शिता र जवाफदेहिताको कमीलाई उजिल्याउँछ ।

नागरिकको स्वार्थको बढी प्रतिनिधित्व गर्ने पद्धतिमा सुधारका लागि वकालत गर्न मतदातालाई ठाउँ दिन्छ ।

मार्टिन चौतारीको यो संविधानसभासम्बन्धी रिपोर्ट पारदर्शिता र जवाफदेहिताको मुद्दालाई उजिल्याउने साधनका रूपमा सभासदहरूको संविधानसभामा उपस्थितिमा केन्द्रित छ । संविधानसभाले दुवै संसद र संविधान निर्माण गर्ने निकायको भूमिका निर्वाह गरेको भए पनि यो रिपोर्टमा उसको पछिल्लो भूमिकालाई मात्र परीक्षणमा या केन्द्रमा राखिएको छ । र सबैभन्दा प्रतिनिधिमूलक निकायलाई सहभागिताको अभिलेखको आलोकमा हेरिएको छ । सदस्यहरूको उपस्थिति र उनीहरूले बोलेको अभिलेखलाई जातीय र लिंगीय हिसाबले विश्लेषण गरिएको छ ।

यो प्रतिवेदनको सुरुमा अनुसन्धान पद्धति खण्ड छ, जसमा तथ्यांकसम्बन्धी आधारभूत कुराहरू प्रस्ट्याइएको छ । यसपछिको खण्डमा राजनीतिक दल, नेता र सामाजिक समूहको आधारमा उपस्थितिलाई विश्लेषण गरिएको छ । अर्को खण्डमा सभासदहरूले संविधानसभाको पूर्ण बैठकमा बोलेका अभिलेखको जातीय, लिंगीय र निर्वाचण प्रणालीका आधारमा विश्लेषण गरिएको छ । अनुपस्थिति र बोल्ने प्रवृत्तिबारे सभासदहरूले दिएका कारणहरू त्यसपछिको खण्डमा केलाइएको छ भने अन्तिम खण्डमा निष्कर्ष छ ।

## अनुसन्धान पद्धति

अन्तरिम संविधान, २०६३ ले तोकेको संविधानसभाको दुई वर्षे कार्यकालभरि सभाको पूर्ण बैठक जम्मा १०१ पटक बस्यो । यो अध्ययन सभासदहरूको सोही १०१ बैठकमा भएको हाजिरी र बोलेको अभिलेखमा आधारित छ ।

पहिले केही अनुसन्धान प्रक्रियासम्बन्धी बुँदाहरू प्रस्ट्याऔँ । संविधानसभा नियमावली, २०६५ (परिच्छेद २, दफा ४) अनुसार "बैठकमा आसन ग्रहण गर्नुअघि बैठक कक्षबाहिर राखिएको पुस्तिकामा उपस्थिति जनाउनु पर्नेछ ।" तसर्थ, उपस्थितिको अभिलेखले सभासदहरूको सहभागितासम्बन्धमा केही कुरा बताउँछ, तर सम्पूर्ण होइन । उदाहरणका लागि सभासदले उपस्थिति जनाएर बाहिरिन सक्छन्, अथवा भनूँ पूरा समय बसे-नबसेको थाहा पाउन सकिँदैन, जुन अभ्यासमा कतिपय सभासदहरू लिप्त भएका बताइन्छ ।[६] अर्कोतर्फ, रिपोर्टहरूमा के पनि भनिएको छ भने दिवंगत गिरिजाप्रसाद कोइराला संविधानसभामा तीन पटक उपस्थित त भएका थिए, तर उनले कहिल्यै हाजिर गरेनन् ।[७] निश्चय नै हस्ताक्षर हुनु वा संविधानसभाको बैठकमा उपस्थिति मात्रले संविधान निर्माणमा सभासदको वस्तुगत योगदानबारे केही बताउँदैन । तर, उपस्थित नै नहुने सभासदको संविधान निर्माणमा योगदानबारे प्रश्न गर्ने यथेष्ट ठाउँ हुन्छ ।

यहाँनेर एउटा तथ्य प्रस्ट पार्नु जरुरी छः संविधानसभाका सबै सदस्यहरू एकैपटक निर्वाचित भएका होइनन् । र, संविधानसभाको स्वरूपमा पनि सामान्य परिवर्तन हुँदै आएको छ । १० अप्रिल २००९ मा छ निर्वाचन क्षेत्रमा भएको उपचुनावले संविधानसभाको स्वरूपमा थोरै परिवर्तन ल्यायो ।[८] त्यसबाहेक, गएको दुई वर्षमा केही सभासदको मृत्यु भएको छ । दलहरू फुट्ने र जुट्ने क्रम पनि देखिन्छ । त्यस्तै, कुनै सभासदले राजीनामा दिए भने कसैलाई दलले नै निस्कासन गऱ्यो ।

विश्लेषणमा जटिलता थप्ने अर्को तत्त्व संविधानसभामा प्रयोग गरिएको पहिचानको प्रवर्ग (या समूह) हो । संविधानसभामा सभासदहरूलाई निम्न समूहमा विभाजन गरिएको छ : मधेसी, दलित, जनजाति, र अन्य (ब्राह्मण, क्षेत्री, ठकुरी) । सार्वजनिक वृत्तहरूमा यस्ता पहिचानका प्रवर्गहरूमा बहस-विवाद भइरहेका छन् जसले गर्दा केही अन्योल सृजना भएको पाइन्छ । उदाहरणका लागि कुमाललाई मधेसी प्रवर्गमा राखिएको छ जबकि उनीहरू आफूलाई जनजाति समूहमा राख्छन् । एक कुमाल सभासदले यो मुद्दालाई संविधानसभा, संसदमा उठाएको र सरकारलाई समेत सोको जानकारी दिएको बताए ।[९] त्यस्तै, एनेकपा-

[६] मार्टिन चौतारीले सभासदसँग लिएको अन्तर्वार्ता, २१ फेब्रुअरी २०१० । हेर्नुहोस्, रावल, रामबहादुर । २०१० । घुमफिरमै सभासद । *नेपाल* १०(३६)ः ३४-३६ ।

[७] पन्त, खगेन्द्र । २००९ । सबै नेता गयल । *नयाँ पत्रिका*, ३० अगस्ट, पृ. २ ।

[८] CA by-elections conducted in six constituencies. www.nepalnews. com/archive/2009/apr/apr10/news15.php (१ सेप्टेम्बर २०१० मा हेरिएको) ।

[९] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १७ मे २०१० ।

माओवादीकी सभासद उमा गोठे कपालीलाई पहाडे दलित (नेवार) अन्तर्गत राखिएको छ । तर उनी आफूलाई जनजाति मान्छिन् ।[१०] संविधानसभामा नेवार एवं थारूलाई जनजातितर्फ तथा मधेसी दलित, मुस्लिम र मारवाडीहरूलाई मधेसी प्रवर्गमा राखिएको पाइन्छ । तर, यो अध्ययनमा मधेसीभित्रका दलित, मारवाडी र मुस्लिमलाई छुट्याएर हेरिएको छ ।[११] समग्रमा, सभासदहरूको पारिवारिक नाम वा थरलाई आधार मानी विश्लेषण गरिएको छ । प्रस्ट नभएकाको हकमा सभासदलाई नै सम्पर्क गरी जातीय पहिचान खुट्ट्याइएको छ । यिनै कारणले गर्दा यहाँ प्रयुक्त तथ्यांक अन्यले प्रयोग गरेको र विशेषगरी संविधानसभाको निर्वाचन लगत्तै गरिएका विश्लेषणभन्दा केही भिन्न हुन सक्छन् ।

माथि भनिएझैँ, संविधानसभाका १०१ पूर्ण बैठकहरूको उपस्थितिको अभिलेख विश्लेषण गरिएको छ । त्यस्तै, वक्ताको अभिलेखको हकमा संविधानसभाका विभिन्न ११ समितिहरूका मस्यौदा अवधारणापत्रमाथि भएका ५५ ओटा बैठक/छलफलको रिकर्डलाई उपयोग गरिएको छ ।[१२] एउटा समितिको प्रतिवेदनमा छलफलका लागि पाँच दिनमा दैनिक ६ घण्टाको दरले जम्मा ३० घण्टा छुट्ट्याइएको छ । प्रतिवेदनमा बोल्न प्रत्येक वक्तालाई जम्मा तीन मिनेट दिइन्छ । यद्यपि, सभासदहरूले आफ्ना दलका अन्य सदस्यको समय सापटी लिएर खर्चिन सक्छन् र खर्चेका पनि छन् ।[१३] स्मरणीय छ, सबै सभासदहरूले पूर्ण बैठकमा बोल्न सम्भव हुँदैन । उदाहरणका लागि एनेकपा-माओवादीका २३८ सदस्यका लागि जम्मा ७१२ मिनेट छुट्ट्याइएको छ भने नेकाँ—जसका ११४ सभासद छन्—ले ३४१ मिनेट एउटा अवधारणापत्रमाथि बोल्ने समय पाउँछ । दलहरूलाई छुट्ट्याइएको समयमा कस्ले बोल्ने भन्ने प्रमुख सचेतकको हातमा हुन्छ । तीन मिनेटको समय एउटा अवधारणापत्रमाथि राय व्यक्त गर्न अपुग हुने भन्दै साना दलहरूले कम्तीमा २० मिनेट बोल्ने समय पाउनुपर्ने माग राखे तापनि सो सुनुवाइ भएको छैन ।[१४] तसर्थ, साना छ दल र दुई स्वतन्त्र सभासदले एक प्रतिवेदनमा पाँच दिनभित्र जम्मा तीन मिनेट समय पाउँछन् ।

माथि उल्लेख भएझैँ, सबै सभासदहरू एकै पटक चुनिएर नआएकाले अभिलेखहरू विश्लेषण गर्दा संख्यामा नभई प्रतिशतमा गरिएको छ । संविधानसभामा उपस्थिति र वक्ताको तथ्यांक विश्लेषणमा विभिन्न दल र सामाजिक समूहका सभासदहरूलाई अन्तर्वार्ता गरी उनीहरूको अभिमतसमेत प्रयोग गरिएको छ । आउने खण्डमा उपस्थितिलाई विभिन्न कोणबाट केलाइन्छ ।

## उपस्थितिको प्रवृत्ति

ऐतिहासिक संविधानसभामा सभासदहरूको औसत उपस्थिति दर ६३ प्रतिशत छ । यसको अर्थ हो संविधानसभाको बैठकमा एक तिहाइभन्दा बढी सभासदहरू सधैँ अनुपस्थित रहन्छन् । तुलनाका लागि, युरोपेली संसदमा विभिन्न दलहरूको उपस्थिति (२००९ जुलाईको मध्यदेखि हालसम्म) केलाउँदा औसत उपस्थिति दर ८४ प्रतिशत छ ।[१५] त्यस्तै, छिमेकी भारतको संसदलाई हेर्ने हो भने त्यहाँको बजेट सत्र (२२ फेब्रुअरी-७ मे २०१०) मा सांसदहरूको उपस्थिति दर तल्लो सदन (लोकसभा)मा ८२ प्रतिशत थियो भने माथिल्लो सदन राज्यसभामा ७८ प्रतिशत थियो ।[१६] नयाँ संविधान लेख्नैका

[१०] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १९ मे २०१० ।

[११] एक मारवाडी सभासदका अनुसार नेपाल मारवाडी परिषद, मारवाडी सेवा समितिले मधेसी प्रवर्गमा मारवाडीलाई राखिएको कुराको विरोध गरेको छ । मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १९ मे २०१० ।

[१२] प्रत्येक समितिले तयार गरेको मस्यौदा अवधारणापत्रमाथि संविधानसभाको पूर्ण बैठकमा छलफल हुन्छ । संविधानसभाका ११ समितिहरू यसप्रकार छन् : मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति; संवैधानिक समिति; राज्य पुनःसंरचना र राज्यशक्तिको बाँडफाँड समिति; राज्यको शासकीय स्वरूप निर्धारण समिति; राष्ट्रिय हितको संरक्षण समिति; अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति; सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्माण समिति; संवैधानिक निकायको संरचना निर्माण समिति; व्यवस्थापिकीय अंगको स्वरूप निर्माण समिति र न्यायप्रणाली सम्बन्धी समिति ।

[१३] मार्टिन चौतारीले संविधानसभा सचिवालयसम्बद्ध कर्मचारीसँग लिएको अन्तर्वार्ता, १७ मे २०१० । यसले गर्दा एक दिनमा बोल्ने सदस्यको संख्यामा भिन्नता देखिन्छ ।

[१४] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १७ मे २०१० ।

[१५] हेर्नुहोस् www.votewatch.eu/cx_epg_attendance.php (२० जुलाई २०१० मा हेरिएको) ।


[१६] यी संख्याहरू हिउँदे अधिवेशनको उपस्थिति दर भन्दा बढी छन् । सन् २००९ को हिउँदे अधिवेशनमा औसत उपस्थिति दर तल्लो र माथिल्लो सदनका लागि क्रमशः ६६ र ६८ प्रतिशत थियो । PRS Legislative

लागि भनेर चुनिएको निकाय–जुन हर हिसाबले संसदभन्दा महत्त्वपूर्ण हो–मा सदस्यहरूको औसत उपस्थिति अन्यत्रका विधायिकाहरूको औसत उपस्थिति दरभन्दा निकै कम छ । १४ मे २००८ देखि १३ अप्रिल २०१० सम्म (१०१ बैठक) राज्यकोषबाट १,३९,२५,३२,८९६ रुपियाँ सभासदहरूको तलब-भत्ता र भाडालगायत संसद/सभा र समितिहरूको बैठकमा खर्च भइसकेको छ ।[१७] यसमा २८ मे २०१० अघिको डेढ महिनाको खर्च सामेल छैन, न दातृ निकायहरूबाट भएको खर्च नै त्यसमा समेटिएको छ । त्यतिका रकम खर्च गरेर, र त्यत्रोविधि संघर्ष र रक्तपातपश्चात् प्राप्त भएको महत्त्वपूर्ण कार्यमा ६३ प्रतिशत मात्र उपस्थिति हुनु पटक्कै सुहाउने कुरा होइन ।

### *संविधानसभामा राजनीतिक दलहरूको उपस्थिति*

२४ दलका कम्तीमा एक सभासदको संविधानसभामा प्रतिनिधित्व छ । एनेकपा-माओवादी २३८ (३९.६%) सभासदसहित संविधानसभाको सबैभन्दा ठूलो दल हो ।[१८] नेकाँ दोस्रो ठूलो दल हो, जसका ११४ (१८.९७%) सभासद छन् । नेकपा-एमाले १०९ (१८.१४%) सभासदसहित तेस्रो ठूलो दलको रूपमा रहेको छ । मधेसी जनाधिकार फोरम (मजफो) ५३ (८.८२%) सभासदका साथ चौथो नम्बरमा आउँछ ।[१९] अर्को मधेसकेन्द्रित दल तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) का २२ (३.६६%) सदस्य छन् । त्यसैगरी, नेकपा माले र नेपाल सदभावना पार्टी दुवैका नौ-नौ जना (१.५%) सभासद छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टीका आठ सदस्यको प्रतिनिधित्व संविधानसभामा छ । अन्य साना १६ दलहरूको संविधानसभामा एक प्रतिशतभन्दा कम सभासद छन् ।

चित्र १ः राजनीतिक दलहरूको संविधानसभामा औसत उपस्थिति दर




चित्र १ ले संविधानसभामा विभिन्न राजनीतिक दलहरूको औसत उपस्थिति दर देखाउँछ । संविधानसभाका तीन ठूला दलहरू–एनेकपा-माओवादी, नेकाँ र नेकपा-एमाले—को उपस्थिति दर समग्र औसतको हाराहारीमा छ । माओवादी पार्टीको सभासद संख्या नेकाँ र एमालेभन्दा दोब्बर बढी भए पनि उसको उपस्थिति दर भने औसतभन्दा थोरै छ

---

Research. Parliament in Budget Session 2010. www.prsindia.org/index.php¿name=Sections&action=bill_details&id=5&bill_id=1152&category=60&parent_category=0 (३१ अगस्त २०१० मा हेरिएको) ।

[१७] Dahal, Phanindra. 2010. Million dollar CA at death's door. *The Kathmandu Post*, 28 May, p. 3.

[१८] दुई दल जनमोर्चा नेपाल र नेकपा-एकीकृत नेकपा-माओवादीसँग एकीकरण भएपछि उक्त दलको नाउँ एनेकपा-माओवादी भएको हो ।

[१९] मजफो अहिले दुई टुक्रा भएको छ–उपेन्द्र यादव र जयप्रकाश गुप्ताले नेतृत्व गरेको पक्षले पुरानै नाम पाएको छ भने विजयकुमार गच्छदारले नेतृत्व गरेको समूहलाई मजफो (लोकतान्त्रिक) भनिन्छ । विश्लेषणमा सहज होस् भनेर दुवै दललाई एउटै संस्थाको रूपमा लिइएको छ ।

(६२.१७%), जुन नेकाँ (६३.५१%) र एमाले (६६%) को भन्दा कम हो ।

ठूला दलहरूमध्ये मजफोको संविधानसभामा उपस्थिति सबैभन्दा कमजोर छ । मजफोका आधाभन्दा बढी सदस्यहरू (औसतमा) सदनमा सधैँ अनुपस्थित रहन्छन् । मजफोको औसत उपस्थिति दर ४७.२३ प्रतिशत छ । मधेसकेन्द्रित अन्य दुई दल नेपाल सद्भावना पार्टी र नेपाल सद्भावना पार्टी-आनन्दीदेवीको पनि उपस्थितिको रिकर्ड राम्रो छैन– क्रमशः ४०.५९ प्रतिशत र ३९.९३ प्रतिशतमात्र । पार्टीगत हिसाबमा हेर्दा नेपा राष्ट्रिय पार्टी–जसको एक सभासद छन् र समानुपातिक पद्धतिबाट काठमाडौँबाट चुनिएका हुन्–को औसतमा सबैभन्दा बढी उपस्थिति छ (८८.१२%) । अर्को सानो दल समाजवादी प्रजातान्त्रिक जनता पार्टीको संविधानसभामा दोस्रो उच्च उपस्थिति (८७.१३%) देखिन्छ ।

### *अउदाहरणीय नेतृत्व*

माथि भनिएझैँ, संविधानसभाको पूर्ण बैठकमा एक तिहाइ सभासद जहिले पनि अनुपस्थित हुन्छन् । अझ उदेक लाग्दो त मुख्य दलका उच्च नेतृत्वको उपस्थिति दर छ । तालिका १ ले संविधानसभाका केही उच्च राजनीतिक नेतृत्व र प्रचलित नामहरूको उपस्थिति दर देखाउँछ । सबै दलका ठूला नेता संविधानसभामा सहभागी भएका छैनन् । संविधानसभाको पूर्ण बैठकको अभिलेखलाई मात्र केलाउँदा नेकाँका नेता तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको रिकर्ड सबैभन्दा कमजोर देखिन्छ ।[२०] संविधानसभाको हाजिरकापीअनुसार उनले संविधानसभाको पूर्ण बैठक (दुई वर्षमा) जम्मा दुई पटक भाग दिएको देखिन्छ । एनेकपा-माओवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको रिकर्ड पनि खासै भिन्न छैन । उनी दुई वर्षमा जम्मा ७ पटक (७%) संविधानसभामा उपस्थित भएको देखिन्छ । त्यसपछि आउँछन् मजफोका विजयकुमार गच्छदार जो उपप्रधानमन्त्री पनि हुन् । संविधानसभामा उनको औसत उपस्थिति १० प्रतिशतभन्दा कम छ ।

[२०] दिवंगत गिरिजाप्रसाद कोइराला पनि विरलै सभामा उपस्थित भए । र, माथि भनिएझैँ, उपस्थित हुँदा पनि हाजिर गरेनन् । त्यसबाहेक, उनको स्वास्थ्य पनि राम्रो थिएन ।

**तालिका १ः केही परिचित र प्रभावशाली सभासदहरूको उपस्थिति दर**

| नाम | उपस्थिति दर (%) |
|---|---|
| शेरबहादुर देउवा (नेकाँ) | १.९८ |
| पुष्पकमल दाहाल 'प्रचण्ड' (एनेकपा-मा) | ६.९३ |
| विजयकुमार गच्छदार (मजफो) | ९.९० |
| राजेन्द्र महत्तो (नेसपा) | ११.८८ |
| शरतसिंह भण्डारी (मजफो) | १४.७४ |
| कृष्णबहादुर महरा (एनेकपा-मा) | १४.८५ |
| उपेन्द्र यादव (मजफो) | १९.८० |
| माधवकुमार नेपाल (नेकपा-एमाले) | २०.२५ |
| रामबहादुर थापा 'बादल' (एनेकपा-मा) | २०.७९ |
| आरजु राणा देउवा (नेकाँ) | २२.७७ |
| रेणुकुमारी यादव (मजफो) | २४.७५ |
| बाबुराम भट्टराई (एनेकपा-मा), झलनाथ खनाल (नेकपा-एमाले), प्रदीप गिरि (नेकाँ) | २७.७२ |
| जयप्रकाश गुप्ता (मजफो) | २९.२७ |
| दिवाकर गोल्छा (नेकाँ) | २९.७० |
| नारायणमान विजुक्छे (नेमकिपा), टोपबहादुर रायमाझी (एनेकपा-मा) | ३०.६९ |
| विनोदकुमार चौधरी (नेकपा-एमाले) | ३१.६८ |
| अमिक शेरचन (एनेकपा-मा) | ३३.६६ |
| हितमान शाक्य (एनेकपा-मा) | ३५.६४ |
| प्रकाशशरण महत (नेकाँ) | ३६.६३ |
| महन्थ ठाकुर (तमलोपा) | ३८.१४ |
| हिसिला यमि (एनेकपा-मा) | ३९.६० |
| शंकर पोखेल (नेकपा-एमाले) | ४०.५९ |
| लक्की शेर्पा (नेकपा-एमाले) | ४२.५७ |
| गगन थापा (नेकाँ) | ४४.५५ |
| पासाङ शेर्पा (नेकपा-एमाले) | ४६.३९ |
| पम्फा भुषाल (एनेकपा-मा) | ४७.५२ |
| रामशरण महत (नेकाँ), परि थापा (नेकपा एकीकृत) | ४८.५१ |
| रामचन्द्र पौडेल (नेकाँ) | ४९.५० |
| जयपुरी घर्ती (एनेकपा-मा) | ५२.४८ |
| सपना प्रधान मल्ल (नेकपा-एमाले) | ६८.३२ |
| राजेन्द्रकुमार खेतान (नेकपा-माले) | ९३.८१ |

एनेकपा-माओवादीका नेता बाबुराम भट्टराई, रामबहादुर थापा बादल, कृष्णबहादुर महरा, नेकाँका नेता प्रदीप गिरि, मोहम्मद आफताव आलम, आरजु राणा देउवा, नेकपा-एमाले नेता माधवकुमार नेपाल, झलनाथ खनाल, मजफो नेता उपेन्द्र यादव, शरतसिंह भण्डारी, जयप्रकाश गुप्ता सबैको औसत उपस्थिति दर ३० प्रतिशतभन्दा तल छ । उच्च राजनीतिक नेतृत्वमध्ये नेकाँ संसदीय दलका नेता

रामचन्द्र पौडेलको औसत उपस्थिति केही राम्रो देखिन्छ तर उनी पनि ५० प्रतिशतभन्दा कम नै उपस्थित छन् ।

अन्य प्रभावशाली र चिरपरिचित सभासदहरू : भीमबहादुर रावल, शालिकराम जमकट्टेल, अमिक शेरचन, महन्थ ठाकुर, रामशरण महत, गगन थापा, प्रकाशशरण महत, लक्की शेर्पा, पम्फा भुसाल, हिसिला यमि, शंकर पोखेल, शेखर कोइराला, आदिहरू पनि संविधानसभामा ५० प्रतिशतभन्दा बढी गयल भएको पाइन्छ ।

संविधानसभाको पूर्ण बैठकमा सबैभन्दा बढी उपस्थित हुनेमध्ये नेकपा-एमालेका अग्नि खरेल पहिलो नम्बरमा पर्छन् । उनको उपस्थिति दर ९७ प्रतिशत छ । त्यस्तै, मानबहादुर महतो र लक्ष्मण प्रसाद घिमिरे (दुवै नेकाँ, ९६%), निलाम्बर आचार्य (नेकाँ) र नेकपा-मालेका राजेन्द्रकुमार खेतान (दुवै ९४%) संविधानसभामा अन्य उच्च उपस्थिति दर भएका सभासद हुन् । नागरिकहरूले संविधान लेख्ने दायित्व सुम्पिएका उच्च नेतृत्वसहित सभासदहरूको यस्तो कमजोर उपस्थिति दर गम्भीर कुरा हो । यीमध्ये केही संविधानसभामा लगातार १० भन्दा बढी बैठकमा अनुपस्थित भएका छन्, जुन संविधानसभा नियमावली, २०६५ को उल्लंघन हो । उक्त नियमावलीको परिच्छेद १६, दफा १३२ अनुसार :

> १) कुनै सदस्य लगातार दसवटा वा सोभन्दा बढी बैठकमा अनुपस्थित रहनु पर्ने भएमा तत्सम्बन्धी अग्रीम सूचना अध्यक्षलाई दिनु पर्नेछ ।
>
> २) कुनै सदस्य संविधानसभाको दसवटा भन्दा कम बैठकमा उपस्थित हुन नसक्ने स्थिति भएमा अध्यक्षलाई अग्रीम सूचना दिनु पर्नेछ । अग्रीम सूचना दिन नसक्ने कुनै मनासिब कारण भए उपस्थित भएको तीन दिनभित्र सूचना दिनु पर्नेछ ।
>
> ३) उपनियम १ वा २ बमोजिम दिइने सूचनामा आफू अनुपस्थित रहने अवधि र कारण समेत उल्लेख गर्नु पर्नेछ ।
>
> ४) उपनियम १ बमोजिमको सूचना भए अध्यक्षले संविधानसभाको स्वीकृतिको निमित्त प्रस्तुत गर्नेछ र उपनियम २ बमोजिमको सूचना भए अध्यक्षले स्वीकृत गर्नेछ ।
>
> ५) संविधानसभाको निर्णयको जानकारी महासचिव वा सचिवले सम्बन्धित सदस्यलाई यथाशीघ्र दिनेछ ।

तर सदस्यहरूले यो नियम उल्लंघन गरेमा के हुन्छ भन्नेबारे नियमावली मौन छ, यद्यपि माथि उद्धृत दफाले अध्यक्षमाथि कारवाहीको दायित्व दिएको प्रस्ट हुन्छ ।[२१] संविधानसभाका समितिका बैठकमा अनुपस्थित हुँदा भने सजाय पनि उल्लेख छ :

> लगातार चारवटा बैठकमा सभापतिको अनुमतिविना अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा अध्यक्षले समितिबाट हटाउन सक्नेछ र सो कुराको जानकारी सभालाई दिनेछ (संविधानसभा नियमावली, २०६५, परिच्छेद ११, दफा ७७) ।

यद्यपि, अन्तरिम संविधान, २०६३ को भाग ७ दफा ६७(ग) मा भनिएको छ : "सभालाई सूचना नदिई लगातार दस ओटा बैठकमा अनुपस्थित रहेमा" संविधानसभाका सदस्यको स्थान रिक्त भएको मानिनेछ । गत वर्ष अगस्टको अन्तमा एउटा राष्ट्रिय दैनिकले यसबारे समाचार छाप्नुअघि कुनै पनि नेताले त्यस्तो निवेदन दिएका थिएनन् ।[२२]

सभासदद्वारा संविधान उल्लंघन र त्यसको कानुनी परिणाम सार्वजनिक भएपछि त्यसको प्रभाव स्पष्ट देखियो । अध्यक्षले सदस्यहरूलाई उनीहरूको अनुपस्थितिको परिणामबारे निरन्तर ध्यानाकर्षण गरे पनि वास्ता गरेका थिएनन्, तर जब समाचार प्रकाशित भयो उनीहरूले बिदाको निवेदन दर्ता गर्न सक्रियता देखाए ।[२३] उक्त पत्रिकाको 'फलोअप रिपोर्ट' अनुसार नेकाँ नेता गिरिजाप्रसाद कोइरालाले समाचार प्रकाशन भएकै दिन बिदा स्वीकृतिका लागि निवेदन दर्ता गरेका थिए[२४] भने अन्य नेताहरूले पनि केही दिनभित्रै

[२१] यो तर्क नेपाल बार एसोसिएसनका तत्कालीन अध्यक्ष विश्वकान्त मैनालीले गरेका थिए । हेर्नुहोस्, पन्त, खगेन्द्र । २००९ । यी गये । *नयाँ पत्रिका*, २ सेप्टेम्बर, पृ. २ ।

[२२] हेर्नुहोस्, पन्त, खगेन्द्र । २००९ । सबै नेता गयल । *नयाँ पत्रिका*, ३० अगस्ट, पृ. १, २ । र, पन्त, खगेन्द्र । २००९ । अन्तरिम संविधान, २०६३ अनुसार माधव, प्रचण्ड, गिरिजा, झलनाथ, उपेन्द्र र बाबुरामको संविधानसभा सदस्यता खारेज हुने । *नयाँ पत्रिका*, १ सेप्टेम्बर, पृ. १, २ । मार्टिन चौतारीको नीतिपत्र २, कार्तिक २०६६, पृ. ५-६ पनि हेर्नुहोस्, जुन www.martinchautari.org.np मा उपलब्ध छ ।

[२३] पन्त, खगेन्द्र । २००९ । अन्तरिम संविधान, २०६३ अनुसार माधव, प्रचण्ड, गिरिजा, झलनाथ, उपेन्द्र र बाबुरामको संविधानसभा सदस्यता खारेज हुने । *नयाँ पत्रिका*, १ सेप्टेम्बर, पृ. २ ।


[२४] पन्त, खगेन्द्र । २००९ । झलनाथले झेला गरे । *नयाँ पत्रिका*, ६ सेप्टेम्बर, पृ. २ ।

त्यसो गरे ।[२५] समाचार स्रोतअनुसार अध्यक्ष नेम्वाङको सुझावअनुरूप नेताहरूले संविधानसभा नियमावलीको दफा १३ उल्लेख गर्दै निवेदन दर्ता गराएका थिए ।[२६] यद्यपि, माथि उद्धृत नियमावलीमा लेखिएको छ : कारणवश बिदाको पूर्वस्वीकृति लिन सम्भव भएन भने सभामा उपस्थित भएको तीन दिनभित्र अनुपस्थितिको र पूर्वस्वीकृति लिन नसक्नाको कारणसमेत खुलाउँदै निवेदन दिनुपर्छ । एक त ती निवेदनमा "विभिन्न कारणवश" जस्तो अस्पष्ट कारण उल्लेख गरियो,[२७] अर्को, त्यस्तो निवेदन पूर्वापेक्षी हुने गरी स्वीकृत गरियो जबकि नियमावलीमा त्यस्तो कुनै प्रावधान छैन । गतवर्ष (सेप्टेम्बर २००९) मा सभासदहरूको अनुपस्थिति र सोको सम्भावित परिणाम सार्वजनिक भएपछि नेताहरूले बिदा स्वीकृत गराउन देखाएको सक्रियताबाहेक सदस्यहरूको व्यवहारमा तात्त्विक परिवर्तन देखिँदैन । र, सदस्यहरू पूर्वस्वीकृति नलिई निरन्तर अनुपस्थित रहँदै आएका छन् ।[२८] सभासदहरू आफैँले बनाएको नियमावली परिपालन गर्न असफल रहेको तथ्यलाई तलको खण्डमा थप परीक्षण र विश्लेषण गरिन्छ ।

### *जातीय र लिंगीय भिन्नता*


६०१ सदस्यीय संविधानसभामा ४०४ पुरुष (६७.२२%) र १९७ (३२.७८%) महिला छन् । जातीय हिसाबमा संविधानसभाको स्वरूप केलाउने हो भने त्यहाँ २०० जना (३३.२८%) 'अन्य' प्रवर्गका छन् (जसमा ब्राह्मण, क्षेत्री, ठकुरी पर्छन्) । त्यस्तै, सभामा २१३ (३५.४४%) जनजाति (जसमा नेवारसमेत पर्छन्); १११ (१८.४७%) मधेसी; ४९ (८.१५%) दलित (जसमा मधेसी र पहाडी दलित पर्छन्); १७ जना (२.८३%) मुस्लिम; र ११ जना (१.८३%) मारवाडी छन् (हेर्नुहोस् चित्र २) । वर्तमान संविधानसभा, जस्तो कि सधैँ भन्ने गरिन्छ, नेपालको इतिहासमै सबैभन्दा प्रतिनिधिमूलक संस्था हो ।

चित्र २: जातीय हिसाबमा संविधानसभाको स्वरूप




संविधानसभामा सदस्यहरूको उपस्थिति केलाउँदा पुरुष सदस्यको तुलनामा महिला सभासदहरूको उपस्थिति केही राम्रो देखिन्छ । पुरुष सभासदको औसत उपस्थिति दर ५९.४२ प्रतिशत छ भने महिलाहरूको ६६.१८ प्रतिशत छ (हेर्नुहोस् चित्र ३) ।

चित्र ३: लिंगीय हिसाबमा उपस्थिति दर




विभिन्न सामाजिक समूहहरूको संविधानसभामा उपस्थिति केलाउँदा पहाडी दलितहरूको उपस्थिति दर अन्य समुदायको भन्दा राम्रो देखिन्छ । उनीहरूको औसत उपस्थिति दर ६९ प्रतिशत छ । जनजाति र 'अन्य' (ब्राह्मण, क्षेत्री,

---

[२५] हेर्नुहोस्, पन्त, खगेन्द्र । २००९ । पद जोगाउन नेताहरूले दिनथाले निवेदन । *नयाँ पत्रिका*, १ सेप्टेम्बर, पृ. १, ३ । र, पन्त, खगेन्द्र । २००९ । प्रचण्डले बल्ल मागे अघिल्लो एक वर्षको बिदा । *नयाँ पत्रिका*, ११ सेप्टेम्बर, पृ. १, २ ।


[२६] पन्त, खगेन्द्र । २००९ । पद जोगाउन नेताहरूले दिनथाले निवेदन । *नयाँ पत्रिका*, १ सेप्टेम्बर, पृ. १, ३ ।

[२७] पन्त, खगेन्द्र । २००९ । पद जोगाउन नेताहरूले दिनथाले निवेदन । *नयाँ पत्रिका*, १ सेप्टेम्बर, पृ. ३ ।

[२८] पन्त, खगेन्द्र । २०१० । नेता फेरि गयल । *नयाँ पत्रिका*, १० जनवरी, पृ. १, २ ।

ठकुरी) को औसत उपस्थिति दर करिब ६४ प्रतिशत छ । समुदायको रूपमा मारवाडीहरू संविधानसभामा सबैभन्दा कम उपस्थित भएका छन् (जम्मा ५२%) भने मधेसी (५३%) र मुस्लिम (५६%) समुदायको पनि उपस्थिति दर कमजोर छ । मधेसी समुदायभित्रैका मधेसी दलितको उपस्थिति अलि राम्रो (६०%) देखिन्छ तर सो पनि औसत उपस्थिति दर (६३%) भन्दा कम हो (हेर्नुहोस् चित्र ४) ।

चित्र ४: विभिन्न सामाजिक समूहको उपस्थिति दर




अर्को खण्डमा संविधानसभाको पूर्ण बैठकमा सभासदहरूले बोलेको अभिलेखलाई विश्लेषण गरिनेछ ।


## संविधानसभाका पूर्ण बैठक र मस्यौदा अवधारणापत्रमाथिका छलफल

संविधानसभाका १०१ पूर्ण बैठकहरूमा जम्माजम्मी ३४७ घण्टा ३९ मिनेट खर्च भयो । औसतमा एउटा पूर्ण बैठक ३ घण्टा ४४ मिनेट सञ्चालन भएको देखिन्छ । यी बैठकमध्ये सबैभन्दा छोटो पाँच मिनेटको थियो भने सबैभन्दा लामो ८ घन्टा १५ मिनेटको ।[२९] संविधानसभाका ११ ओटा समितिका मस्यौदा अवधारणापत्रमाथि छलफल गर्न छुट्ट्याइएको ३३० घण्टा (५५ दिनमा) मध्ये सभाले जम्मा ३२३ घण्टा ३८ मिनेट उपयोग गर्‍यो । जुन तोकिएको समयको करिब ९८ प्रतिशत हो । एक दिनका लागि तोकिएको ६ घण्टाको ठाउँमा औसतमा ५.८ घण्टा छलफल भएको देखिन्छ ।

संविधानसभाका पाँच ओटा समिति : सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्माण समिति; मौलिक हक तथा निर्देशक सिद्धान्त समति; संवैधानिक समिति; राज्यको शासकीय स्वरूप निर्धारण समिति; र राज्य पुनःसंरचना तथा शक्तिको बाँडफाँड समितिका बैठकहरू मात्र तोकिएको तीस घण्टा वा बढी छलफल भए । बाँकी छ ओटा समितिका मस्यौदा अवधारणापत्रमाथि भएका छलफल छुट्ट्याइएको तीस घण्टाभन्दा कम समयमा सकिएका थिए । अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक-अधिकार संरक्षण समितिको प्रतिवेदनमाथिको छलफल सबैभन्दा कम समयमा (२५ घण्टा २५ मिनेटमा) सम्पन्न भएको थियो, जुन तोकिएको भन्दा ४ घण्टा ३५ मिनेट कम हो । राज्य पुनःसंरचना समितिको प्रतिवेदनमा भने सबैभन्दा बढी समय खर्चियो; तोकिएको भन्दा करिब ६ घण्टा बढी ।


माथि अनुसन्धान पद्धति खण्डमा उल्लेख गरिएझैँ दलहरूमाझ बोल्ने समय उनीहरूको संविधानसभामा कति सदस्य छन् त्यसको आधारमा बाँडिएको छ । तसर्थ, दलीय हिसाबले हेर्दा स्वभाविक रूपमा जुन दलका धेरै सदस्य छन् तिनै दलका धेरै सदस्यले बोलेको पाइन्छ । तर सामाजिक समूहको आधारमा विश्लेषण गर्दा निश्चित प्रवृत्ति देखिन्छ (हेर्नुहोस् चित्र ५ र ६) । संविधानसभा सचिवालयले राखेको अभिलेखअनुसार समितिहरूका मस्यौदा अवधारणापत्रमा भएका छलफलमा बोल्ने वक्ताको सूची केलाउँदा करिब दुई तिहाइ पुरुष (६६%) र एक तिहाइ महिला (३४%) ले बोलेको पाइन्छ । यसले महिलाहरू उपस्थित त बढी हुन्छन् तर जब अभिमत व्यक्त गर्ने बेला आउँछ तब पुरुष नै अघि सर्छन् भन्ने देखिन्छ ।

चित्र ५: लिंगीय आधारमा संविधानसभाका वक्ताहरू




[२९] यसबीच दुई ओटा बैठक सूचना प्रकाशित गरी स्थगित गरिएका थिए, जुन वास्तवमा कोरम नपुगेर स्थगित भएका हुन् ।


**चित्र ६: सामाजिक समूहका आधारमा संविधानसभाका वक्ताहरू**




चित्र ६ ले विभिन्न सामाजिक समूहहरूले समितिका प्रतिवेदनमाथि संविधानसभाको पूर्ण बैठकमा भएका छलफलमा बोलेको प्रतिशत देखाउँछ । 'अन्य' समूहले सबैभन्दा बढी बोलेको देखिन्छ । बोल्नेहरूमध्ये यो प्रवर्गमा पर्ने ४२.२६ प्रतिशत छन् जुन सो प्रवर्गका सदस्यको अनुपातमा करिब ८ प्रतिशतले बढी हो । समग्रमा, बहिष्कृत समूहकाहरू आफ्नो समूहको वास्तविक सदस्य संख्याको अनुपातमा कमै बोल्छन् । मधेसी समूहको हकमा यो कुरा अझ प्रस्ट देखिन्छ । मधेसीहरू संविधानसभामा १८.४७ प्रतिशत छन् तर बोल्नेमध्ये उनीहरूले १२.८३ प्रतिशत हिस्सा मात्र ओगट्छन् ।

अभिलेख विश्लेषण गर्दा के पनि देखिन्छ भने समानुपातिक निर्वाचन प्रणालीबाट चुनिएकाहरूले समितिका प्रतिवेदनमाथि प्रत्यक्ष निर्वाचितले भन्दा तुलनात्मक हिसाबले बढी बोलेका छन् । संविधानसभामा समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचन प्रणालीबाट चुनिएका सदस्यको अनुपात ६०:४० छ तर जब संविधानसभामा बोल्ने कुरा आउँछ सो अनुपात ६७:३३ हुन जान्छ (हेर्नुहोस् चित्र ७) ।

**चित्र ७: निर्वाचन प्रणालीका आधारमा संविधानसभाका वक्ताहरू**




## भिन्नता र कारणहरू

संविधानसभाका सदस्यहरू र संविधानसभा सचिवालयका कर्मचारीहरूसँग गरिएका अन्तर्वार्ताबाट सदस्यहरूको (अनु)उपस्थितिका विभिन्न कारण र विश्लेषण पाइन्छ, जसमा बाहिरी र भित्री दुवै कारणहरूले भूमिका खेलेका छन् ।

बाह्य रूपमा, ठूला दलहरूको ध्यान संविधान निर्माणमा भन्दा सरकार गठन या सत्ता प्राप्तिमै केन्द्रित भएकाले कम उपस्थितिको समग्र दोष उनीहरूलाई नै दिइन्छ । अन्य कारणमा "पार्टीको जिम्मेवार सदस्य" भएका नाताले पार्टीको काममा सहभागी हुनु पर्ने, मतदाताहरूका विकास र अन्य गुनासा सुन्न निर्वाचन क्षेत्रको भ्रमण गर्नुपर्ने, आदि बताइन्छन् । पछिल्लो कारण विशेषगरी समानुपातिक भन्दा प्रत्यक्ष निर्वाचनबाट चुनिएका प्रतिनिधिहरूले दिने गरेका छन् । एक सभासदका अनुसार प्रत्यक्ष निर्वाचित भएकाले गर्दा उनीहरूलाई निर्वाचन क्षेत्र भ्रमण गर्न निकै दबाब पर्छ ।[३०] अर्का सभासदले विगत दुई वर्षमा २४४ दिन आफ्नो निर्वाचन क्षेत्र भ्रमण गरेको बताए, जसमा बाटोमा खर्च भएको ५५ दिनको हिसाब गणना छैन ।[३१]

बाह्य कारणकै कुरा गर्दा धेरै सभासदले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरूलाई पनि सदस्यको सभामा कम उपस्थितिका लागि जिम्मेवार ठह्र्याए ।[३२] अन्तर्वार्ता गरिएका संविधानसभा सचिवालयका कर्मचारीको विचारमा त सभासदहरू गैरसरकारी संस्था र दातृ निकायका कार्यक्रम गएकैले त्यति विघ्न गयल भएका हुन् । सभासदहरू हाजिरमात्रै गरेर त्यस्ता कार्यक्रममा जाने गरेको पनि पाइएपछि अध्यक्ष नेम्वाङले सचेतसमेत गराएका थिए ।[३३] त्यसैगरी, सभासदहरूको विदेश भ्रमण—जुन विशेषगरी विदेशी दातृ निकाय, मित्रराष्ट्रका दूतावास र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजन र व्यवस्थापन गर्छन्—पनि सभासदहरूको संविधानसभामा कम उपस्थितिको कारक

[३०] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, २० जुलाई २०१० ।

[३१] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, ७ जुलाई २०१० ।

[३२] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १५, १९ र २१ फेब्रुअरी २०१० ।

[३३] रावल, रामबहादुर । २०१० । घुमफिरमै सभासद । *नेपाल* १०(३६): ३४ ।

बताइन्छ ।[३४] सभासदहरू सहभागी हुने गैरसरकारी (राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै) संस्थाका कार्यक्रमहरूको रिकर्ड पाउन कठिन छ, किनभने एकै दिनमा संविधानसम्बन्धी धेरै कार्यक्रम भैरहेका हुन्छन् ।[३५] त्यसैगरी सभासदहरूले गरेका विदेश भ्रमणको अभिलेख पाउन सजिलो छैन । विदेश जानका लागि चाहिने भिसाका लागि सिफारिसका लागि सभासदहरूले अनुरोध गरेका खण्डमा त्यसको रिकर्ड सचिवालयमा राखिने भए पनि सबैले भिसाको सिफारिस नखोज्ने र सिफारिस लिएका सबैले विदेश गए-नगएको जानकारी नदिने हुनाले सो अभिलेखबाट विदेश भ्रमणबारे सही जानकारी पाउन सम्भव छैन । सभासदहरूको विदेश भ्रमणबारे कुनै केन्द्रीकृत जानकारी अथवा दातृ निकायहरूबीच यस्ता कार्यमा समन्वय भएको पाइएन ।[३६] अप्रिल २०१० मा प्रकाशित एक समाचार रिपोर्टअनुसार १६५ भन्दा बढी सदस्यहरू उनीहरू निर्वाचित भएर आइसकेपछि विदेश भ्रमणमा गैसकेका छन्–कोही त दस पटकसम्म पनि ।[३७] यीमध्ये धेरै भ्रमण कार्यक्रमको आयोजनामा विदेशी संस्था, कूटनीतिक नियोग र दाताहरूको संलग्नता छ । संविधानसभा आफैँले पनि १० ओटा समूहमा गरी करिब ७० जना सदस्यहरूलाई आफ्नै खर्चमा विभिन्न मुलुकमा अध्ययन भ्रमणका नाउँमा पठाइसकेको छ ।[३८] सभासदहरूले सुरुआती दिनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका कार्यक्रमहरू ठूलो संख्यामा भाग लिएको बताए । तर, पछिल्ला दिनमा आफूहरू चुनिन्दा कार्यक्रममा मात्र जाने उनीहरूको कथन थियो ।[३९]

संविधानसभाका आन्तरिक कारणहरूले पनि सदस्यको उपस्थितिमा भूमिका खेलेका छन् । संविधानसभामा हुने प्रस्तुतिको प्रक्रियाले भूमिका खेलेको कतिपय सभासदले बताए : उनीहरूका अनुसार प्रायः संविधानसभामा दलका ठूला नेताले पहिला बोल्ने र त्यसपछि अन्य सदस्यले बोल्छन् । पछि बोल्नेले नेताकै कुरा दोहो-याउने भएकाले बहस-छलफल पट्यारलाग्दो हुन जान्छ ।[४०] सभासदहरूका अनुसार मुख्य नेतृत्वले पाँचदिने छलफलको पहिलो दिनको पहिलो सत्रको सुरुमा २०-२५ मिनेट समय लिएर (अन्य सदस्यको समय सापटी लिएर) पार्टीको नीति र लाइन प्रस्ट पार्ने र त्यसपछिका दिनहरूमा अन्य सदस्यले नेताले दिएको लाइनलाई दोहो-याउने गर्दा अन्यलाई सुन्नका लागि कुनै उत्साह या जाँगर रहँदैन ।[४१] नेताहरू नै जब गयल हुन्छन् भने केही होला भन्ने विश्वास नहुने भएकाले पनि सदस्यहरू अनुपस्थित भएको हुनसक्ने केहीले तर्क गरे ।[४२] समग्रमा, श्रेणीबद्ध राजनीतिक संस्कार प्रस्ट देखिन्छ–– जसअनुरूप मुख्य राजनीतिक नेतृत्वले बहसको दिशानिर्देश गर्छन् र तलकाले तिनलाई पछ्याउँछन् ।

कम उपस्थितिबारे प्रश्न गर्दा प्रायः दिइने उत्तरमध्ये एउटा हो, ज्यादै कम बोल्ने समय (तीन मिनेट) ।[४३] कतिपयले केही योगदानै पु-याउन नसक्ने भएपछि उपस्थित हुनुको कुनै अर्थ नहुने बताए ।[४४] तर, केहीले यी कारणलाई चुनौती दिए र भने : ती बहाना मात्र हुन् । चाहने हो भने कुनै पनि विषयमा लिखित सुझाव दिन सक्ने व्यवस्था छ । संविधानसभा सचिवालय स्रोतअनुसार हालसम्म एउटै

---

[३४] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १५, १९ र २१ फेब्रुअरी २०१० ।

[३५] दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले दिने भ्रमण खर्च र अन्य रकम ती संस्थाका कार्यक्रममा सहभागी हुन आकर्षित गर्ने तत्व भएको केही सभासदले बताए । यस्ता कार्यक्रमले सभासदहरूलाई संविधान लेख्ने उनीहरूको प्राथमिक दायित्वबाट केही हदसम्म विमुख गरे पनि तिनलाई सिक्ने अवसर र कर्तव्यको हिस्साको रूपमा पनि हेर्न सकिन्छ । तर, आफ्नो दायित्व निर्वाह गर्दा पनि सभासदहरूले भ्रमण खर्च र अन्य रकम पाउँदा सो मानक (नर्म) बन्न जाने डर छ । मार्टिन चौतारीले दातृ निकायका प्रतिनिधिसँग गरेका अन्तर्वार्ताहरू, ११ र २० अगस्ट २०१० ।

[३६] मार्टिन चौतारीले सभासदहरूको विदेश भ्रमणबारे दातृ निकायहरूसँग खोजेको सूचना र जानकारी थोरै मात्र प्राप्त भयो । यसबाट दाताहरू स्वयंको पारदर्शिता र जवाफदेहिताबारे प्रश्न उठ्छ ।

[३७] रावल, रामबहादुर । २०१०। घुमफिरमै सभासद । *नेपाल* १०(३६): ३४-३६ । मा उद्धृत गरिएअनुसार ।

[३८] समाचार रिपोर्टअनुसार सभासदको विदेश भ्रमणमा करिव १० लाख खर्च भएको छ । हेर्नुहोस्, रावल, रामबहादुर । २०१०। घुमफिरमै सभासद । *नेपाल* १०(३६): ३४-३६ । संविधानसभा सचिवालयले सभासदहरूको चयन प्रक्रियामा पारदर्शिता नअपनाएको मुद्दा सभासदहरूले उठाएका छन् । मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १८ र १६ जुलाई २०१० ।

[३९] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १५ र २१ फेब्रुअरी २०१० ।

[४०] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, २१ फेब्रुअरी, १७ र २५ मे २०१० ।

[४१] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, २५ मे २०१० ।

[४२] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १७ मे २०१० ।

[४३] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १५ फेब्रुअरी २०१० ।

[४४] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १५, १७, २३ र २५ फेब्रुअरी २०१० ।

सदस्यले पनि यो व्यवस्थाको उपयोग गरेको छैन, सिवाय विभिन्न मस्यौदा अवधारणापत्रमा फरकमत जाहेर गर्नु ।[४५] त्यस्तै, समितिको अवधारणापत्रको मस्यौदा तयार गरिसकेपछि दायित्व सकियो भन्ठानेर सदस्य अनुपस्थित भएको हुनसक्ने सम्भावना पनि कसैले व्यक्त गरे ।[४६]

महिला तथा पुरुषको औसत उपस्थिति दरमा देखिएको भिन्नताबारे प्रश्न गर्दा दुवै (महिला र पुरुष) ले महिलाहरूको अनुशासन, लगनशीलता र सिक्न खोज्ने तदारुकता, आदि गुणले गर्दा उनीहरूको राम्रो हाजिरी रिकर्ड भएकोतर्फ जोड दिए । केहीको थप तर्क के पनि रह्यो भने धेरै महिला समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित भएकाले उनीहरू प्रत्यक्ष निर्वाचितभन्दा कम व्यस्त हुन्छन् । पुरुषहरू मन्त्री बन्ने होडमा लाग्ने या लाभका पदका पछाडि दौडने तर महिलाहरू त्यस्ता काममा प्रायः कम संलग्न हुने भएकाले महिलाहरूको उपस्थिति दर राम्रो भएको हो ।[४७] एक महिला सभासदलाई केही नेतृहरूको कम उपस्थितिबारे प्रश्न गर्दा उनले ती नेतृहरूले आफूलाई वरिष्ठ ठानेको र अन्य वरिष्ठ नेताझैँ आफूलाई बेफुर्सदी देखाउन खोजेको हुन सक्ने बताइन् ।[४८]

संविधानसभाका अभिलेख विश्लेषण गर्दा महिलाहरूको उपस्थिति पुरुषहरूको तुलनामा राम्रो पाइए पनि सभामा कुरा राख्ने या बोल्ने मामिलामा उनीहरूको सहभागिता त्यति उत्साहप्रद देखिँदैन । पुरुषहरू कम उपस्थित भए पनि बोल्ने बेलामा अघि देखिन्छन् । महिलाहरूले बोल्न नपाउनु या नसक्नुमा दलका प्रमुख सचेतकहरू पुरुष हुनु– जसले प्रायः दलका तर्फबाट को बोल्छ भन्ने निर्धारण गर्छ–तर्फ पनि इंगित गरियो ।[४९] र, ठूला नेताहरूले बोल्न तोकिएको समयको धेरै हिस्सा उपयोग गर्ने हुनाले महिलाको भागमा कम समय पर्ने तर्क पनि कसैको रह्यो ।[५०]

समग्रमा, संविधान निर्माणमा नयाँ अनुहार र बहिष्कृत समुदायकाहरूको कम सहभागिताका लागि उनीहरूको कमजोर आत्मबल र स्थानीय र राष्ट्रिय राजनीतिमा हुने भिन्नता पनि कारकको रूपमा केहीले जनाए ।[५१] जनजातिका हकमा 'शुद्ध' नेपालीमा बोल्न नसक्नु, र विषयगत ज्ञानको अभावले पनि उनीहरूको कम सहभागिताका लागि भूमिका खेलेको हुन सक्ने बताइयो ।[५२]

तुलनात्मक हिसाबले हेर्दा स्पष्ट रूपमा मधेसी सभासद अन्य समूहकाहरूको तुलनामा धेरै गयल हुने मात्र होइन, बोल्ने समय पनि कम उपयोग गरेको पाइयो । यसपछाडिको कारण केलाउँदा भाषा र सम्बन्धित विषयको ज्ञान[५३] का अतिरिक्त माधवकुमार नेपालको नेतृत्वको सरकारमा सामेल हुने नहुने मुद्दामा मजफोमा आएको विवादका कारण भएको विभाजनलाई समेत केहीले औँल्याए ।[५४] पार्टी तलदेखि माथिसम्म दुई फ्याकमा विभाजन हुँदा यसले पार्टीका सदस्यहरूको आत्मबल निकै कमजोर तुल्यायो र फलतः सभामा उनीहरूको उपस्थितिमा समेत गम्भीर रूपले प्रभाव पार्‍यो ।[५५] जो विजयकुमार गच्छदारतर्फ लागे उनीहरू सरकारमा सामेल भए, सत्तामा रुमलिए, र संविधानसभालाई भुले । जो उपेन्द्र यादवतर्फ लागे उनीहरू जिल्लामा पार्टीको स्थिति मजबुत बनाउनेतर्फ लागिपरे र संविधानसभामा गयल भए । यसबाहेक, मधेसी सभासदमा संविधानसभाले मधेसी मुद्दा सम्बोधन गर्छ भन्नेमा कमै विश्वास रहेकाले पनि बेवास्ता भएको भन्ने एकको तर्क रह्यो ।[५६] यद्यपि, केही आत्मालोचनाका

[४५] मार्टिन चौतारीले संविधानसभा सचिवालयका कर्मचारीसँग लिएका अन्तर्वार्ताहरू, १८ फेब्रुअरी र १७ मे २०१० ।

[४६] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १७ मे २०१० ।

[४७] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १७ र १८ फेब्रुअरी २०१० ।

[४८] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, २५ मे २०१० ।

[४९] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, २५ मे २०१० ।

[५०] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १७ मे २०१० ।

[५१] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, २५ मे २०१० ।

[५२] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, ८ सेप्टेम्बर २०१० ।

[५३] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, २१ फेब्रुअरी र १७ मे २०१० ।

[५४] तत्कालीन नेकपा-माओवादीको नेतृत्वको सरकारमा मजफो एउटा महत्त्वपूर्ण साझेदार थियो । तत्कालीन सेना प्रमुख रुक्मांगद कटवाललाई बर्खास्त गर्ने क्रममा उक्त सरकार पतन भयो । त्यसपछि बनेको माधवकुमार नेपालको नेतृत्वको सरकारमा सामेल हुने-नहुने विषयलाई लिएर मजफो विभाजित भयो । थप जानकारीका लागि हेर्नुहोस् मार्टिन चौतारीको नीतिपत्र १, जुन www.martinchautari.org.np मा उपलब्ध छ ।

[५५] मजफो टुक्रनअघि सो दलको उपस्थिति दर विभाजित भएपछि भन्दा केही बढी (क्रमशः ५७.९६% र ५२.८७%) त थियो, तर दुवै औसत उपस्थिति दर (६३%) भन्दा कम छन् ।

[५६] वरिष्ठ मधेसी नेता एवं संविधानसभा सदस्यसँग मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १७ फेब्रुअरी २०१० ।

स्वर पनि सुनिए । मधेसीहरू थोरैले मात्र गम्भीर गृहकार्य गरेको, उद्देश्य प्रस्ट नभएको, व्यक्तिगत स्वार्थमा लिप्त भएको र आफ्नो दायित्व के हो भन्ने नबुझेकाले उनीहरूको उपस्थिति कम भएको तर्क केहीको रह्यो ।[५७]

दलित सभासदका हकमा उनीहरूले कम बोल्नुका पछाडि ऐतिहासिक कारणले गर्दा भएको कमजोर आत्मबल पनि एक कारण रहेको बताइयो । दलितहरूको केही राजनीतिक अनुभव भए पनि सो संविधानसभाको रोष्ट्रममा उभिएर बोल्नुभन्दा भिन्न भएको बताइयो । मधेसी दलितका हकमा अन्य कारणअतिरिक्त उक्त समूहबाट धेरै महिला सभासद भएको तर्क पनि गरियो, जसले इंगित गरेको कुरा थियो–पुरुषभन्दा महिला कम बोल्छन् ।[५८]

मधेसी र दलित सभासदहरूले के पनि प्रस्ट बताए भने उनीहरूले पार्टीको लाइन या ह्वीप मान्नु पर्छ र लाइनबाहिर गएर बोल्नेबित्तिकै आँखी भइन्छ ।[५९] एक मधेसी सभासदले माओवादी, नेकाँ, एमाले जस्ता ठूला दलमा पार्टी-नीति या लाइन पछ्याउनु पर्ने र बाहिर जान नसकिने गुनासो गर्दै भने, ठूला दलमा उनीहरूलाई टोकनको रूपमा मात्र सामेल गरिएको छ । उनले थपे, "यदि देशको मूल कानुन बनाउन आएकाहरू नै स्वतन्त्रपूर्वक बोल्न सक्दैनन् भने, आफ्नो समुदायको चासोबारे बोल्न सक्दैनन् भने कस्तो संविधान बन्ला ?"[६०] अर्का मधेसी सभासदले भने आफ्नो दलको नेताले कस्ले बोलिरहेको छ र छैन भन्ने वास्तै नगरेको बताए, र उनको दलमा कस्ले बोल्ने-नबोल्ने भन्नेमा विभेद नभएको संकेत गरे ।[६१] संविधानसभा सचिवालय स्रोतअनुसार तोकिएको भन्दा कम समयमा विभिन्न समितिका छलफल सकिनु पछाडि मधेसी दलले आफ्नो भागमा परेको समय पनि पूरा उपयोग नगर्नु हो ।[६२]

संविधानसभामा को बोल्ने र को नबोल्ने भन्ने कुरामा मुख्य भूमिका नेताहरूको हुने धेरैले बताए ।[६३] धेरै नेताहरू समानुपातिक निर्वाचन पद्धतिबाट चयन भएकाले धेरै वक्ताहरू पनि समानुपातिकबाटै भएको हुनसक्ने केहीको अनुमान थियो ।[६४]

## निष्कर्ष

सभासदहरूको उपस्थिति र उनीहरूले संविधानसभामा बोलेको अभिलेख विश्लेषणले जसरी संविधान लेखन प्रक्रिया अगाडि बढिरहेको छ त्यसमा समस्या छ भन्ने देखाउँछ । २०६२/०६३ सालको जनआन्दोलन र २०६३ सालको मधेस विद्रोहका बेला राजनीतिक दल र राजनीतिक प्रक्रियामा रूपान्तरण एवं नयाँ सुरुआतका वाचा गरिएका थिए । यद्यपि, थोरै मात्र पनि परिवर्तन अनुभूत हुँदैन; राजनीति र राजनीतिक दलहरू पुरानै ढर्रामा चलेका छन् ।

माथि भनिएझैँ, दलहरूले आफ्ना सदस्यहरूमाथि अत्यधिक नियन्त्रण कायम गर्न सक्ने हिसाबले संविधानसभा नियमावली तयार गरिएको पाइन्छ ।[६५] सन् १९९७ को दलबदलसम्बन्धी कानुनको जनवरी २०१० मा गरिएको संशोधनपश्चात् अब त्यसले संविधानसभालाई समेत समेट्छ ।[६६] र, त्यहाँ सदस्यको स्वविवेकलाई स्थान छैन । दलहरूको श्रेणीबद्ध संरचना (हायरार्की) र ह्वीपको व्यवस्थाले संविधानसभाको गतिविधि र बहसमाथि दलहरूको पूर्ण नियन्त्रण सुनिश्चित गरेको छ । समावेशी मुद्दा प्राथमिकतामा परे तापनि र संविधानसभालाई नेपालकै इतिहासमा सबैभन्दा समावेशी निर्वाचित उच्च निकाय भनिए पनि संविधानसभाको खास आन्तरिक सञ्चालन प्रक्रियाले संरचनागत श्रेणीबद्धता र सीमान्तकृतहरूको बहिष्करण देखाउँछ ।

यसरी हेर्दा, संविधानसभामा बोल्नेहरूको प्रवृत्ति सदस्यहरूको सहभागिताभन्दा महत्त्वपूर्ण छ किनभने त्यसले शक्ति-संरचना प्रस्ट्याउँछ । यो सही हो कि यो प्रतिवेदनले संविधानसभाका विभिन्न समितिमा भएका काम-कारवाहीलाई समेट्दैन । तसर्थ, सहभागिताको कुरा गर्दा समितिहरूमै–

[५७] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १७ र २६ मे २०१० ।

[५८] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १६, १७ र २५ मे २०१० ।

[५९] मार्टिन चौतारीले लिएका अन्तर्वार्ताहरू, १६, १७ र २६ मे २०१० ।

[६०] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, २६ मे २०१० ।

[६१] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १७ मे २०१० ।

[६२] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १२ जनवरी २०१० ।

[६३] मार्टिन चौतारीले सभासद र संविधानसभा सचिवालयका कर्मचारीसँग लिएका अन्तर्वार्ताहरू, १७ र २५ मे २०१० ।

[६४] मार्टिन चौतारीले लिएको अन्तर्वार्ता, १७ मे २०१० ।

[६५] थप जानकारीका लागि हेर्नुहोस् मार्टिन चौतारी नीति पत्र १, संविधान निर्माण प्रक्रिया, जेठ २०६६, जुन www.martinchautari.org.np मा उपलब्ध छ ।

[६६] हेर्नुहोस् www.lawcomission.gov.np (१२ सेप्टेम्बर २०१० मा हेरिएको) ।

विशेषगरी त्यहाँ पाइने खुला र अनौपचारिक वातावरणले गर्दा पनि—महत्त्वपूर्ण काम भएको छ र धेरै सभासदहरूले मेहनत गरेका छन् भन्ने तर्क गर्न सकिन्छ ।[६७] जे भए पनि, सैद्धान्तिक रूपमा संविधानसभाका पूर्ण बैठकमा हुने संविधानको मस्यौदा माथिका बहसहरूमा सदस्यहरूलाई स्वतन्त्र रूपमा व्यक्तिगत विचारहरू राख्ने स्वतन्त्रता दिनुपर्छ । तर प्रस्टै छ, त्यस्तो भैरहेको छैन र संविधानसभा नियमावली एवं राजनीतिक दलका प्रक्रियाहरूले गर्दा यो महत्त्वपूर्ण मञ्चको महत्ता घटेको छ ।

राजनीतिक दलका वरिष्ठ नेतृत्व पंक्तिको अनुपस्थितिलाई शक्ति संघर्ष/सञ्चयसँग जोडेर हेर्ने गरिएको छ—चाहे त्यो दलभित्रको खिचातानी होस् या सरकारमा पुग्ने जोड-घटाउ होस् । वास्तवमा शान्ति प्रक्रियाका लागि "आमसहमति"मा मात्र जोड दिँदा यसले संविधानसभाको महत्ता घटाएको छ । र, जति सहमति/सम्झौताहरू भएका छन् तिनले जनआन्दोलनपूर्वको राजनीतिक संस्कृतिलाई निरन्तरता दिएका छन् ।

"पार्टीको काम" अथवा निर्वाचन क्षेत्रलाई हेर्नु पर्ने कारण बताउँदै सभासदहरू संविधानसभामा अनुपस्थित रहनुले संविधान निर्माण प्राथमिकतामा नपरेको या महत्त्व नपाएको प्रस्ट हुन्छ । सभासदहरू खासमा देशको मूल कानुन लेख्न नकि 'विकासे काम' गर्न चुनिएका हुन् । संविधानसभामा उपस्थित हुन, झर्कोलाग्दो नै भए पनि त्यहाँ गरिने भाषण सुन्न, छलफल गर्न र संविधान निर्माणमा मद्दत पुग्ने अन्य गतिविधिमा सामेल हुनका लागि सदस्यहरूलाई जनताबाट उठाइएको करबाट तलब, भत्ता, आदि दिइएको हो । तसर्थ, उनीहरूको सेवा पाउनु पर्ने क्षेत्र समग्र नेपाली नागरिक हुन् । र, नयाँ संविधान लेख्ने काम राम्ररी सम्पन्न गरेको खण्डमा नै उनीहरूले आफ्नो कर्तव्य राम्ररी निर्वाह गरेको मानिन्छ ।

संविधानसभाबाहिर भेट्टाउन कठिन सहमति संविधानसभा भित्र देखिन्छ—आफैँले लेखेका नियमावली उल्लंघन गर्ने सवालमा । संविधानसभा नियमावली, २०६५ को परिच्छेद १८, दफा १४६ अनुसार गठन हुनुपर्ने आचरण अनुगमन समिति अझै गठन भएको छैन । सो समितिको क्षेत्राधिकारभित्र "कुनै सदस्यले नियम १४५ को उपनियम १ मा उल्लिखित आचारसंहिताको उल्लंघन"—जसमा नियमहरूको परिपालना एवं समिति तथा पूर्ण बैठकमा उपस्थिति र मतदानसमेत पर्छ—"गरेको भनी सार्वजनिक रूपमा उठेका प्रश्न वा कसैले समितिसमक्ष दिएको सूचनाको आधारमा आवश्यक छानविनको कार्य प्रारम्भ गर्ने" पर्छ । अन्तर्वार्ताक्रममा कसैले पनि त्यस्तो सूचना नदिएकाले समिति गठन नभएको भन्ने तर्क गरियो ।[६८] सभासदहरूलाई जवाफदेही बनाउने कुरा अहिले अध्यक्ष सुवास नेम्वाङको व्यक्तिगत भूमिकामा मात्र सीमित छ । यसबाट संस्थागत र पारदर्शी प्रक्रिया आवश्यक छ भन्ने तथ्य प्रस्ट हुन्छ ।

नागरिक अधिकारहरू, सूचनाको स्वतन्त्रता, स्वतन्त्र, बहुल र निष्पक्ष मिडिया, बलियो नागरिक समाज र संगठनात्मक जीवन, आदि लोकतान्त्रिक सार्वजनिक वृत्तका मुख्य अवयव हुन् । तर प्रायः ध्यान नदिइने कुरा के हो भने यो वृत्तका लागि सरकारी सूचनामा सहज पहुँच र पारदर्शी आमसंस्कृति त्यत्तिकै महत्त्वपूर्ण छन् । आफ्ना प्रनितिधिहरूलाई विशेष नीति, कानुन र संवैधानिक व्यवस्था या प्रक्रियाबारे जवाफदेही बनाउन आवश्यक सूचना एवं जानकारी नेपाली नागरिकहरूसँग हुनुपर्छ । यसका लागि पारदर्शिता र जवाफदेहिता राष्ट्रिय स्वार्थसँग गाँसिएको छ भन्ने तथ्य मनन र ग्रहण गरिनु जरुरी छ ।

❖❖❖

---

[६७] मार्टिन चौतारीले यसअघि गरेका अनुसन्धानमा पनि समितिहरूमा पनि त्यस्तैखाले वाधाअवरोध रहेको देखाएको थियो । हेर्नुहोस्, मार्टिन चौतारी नीति पत्र १, संविधान निर्माण प्रक्रिया, जेठ २०६६, जुन www.martinchautari.org.np मा उपलब्ध छ ।

[६८] मार्टिन चौतारीले सभासद र संविधानसभा सचिवालयका कर्मचारीसँग गरेका अन्तर्वार्ताहरू, २ सेप्टेम्बर २०१० ।